## सूचना ३

श्री ५ को सरकारले ऋण तथा जमानत ऐन, २०२५ को दफा ५ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको जमानतमा नेपाल खाद्य संस्थानले खाद्यान्न खरिद तथा ढुवानी कार्यको लागि नेपाल बैंक लिमिटेडसंग मिति २०४३।११।१७ को जमानत सम्झौता अनुसार लिएको रू. ५,००,००,०००।– (पाँच करोड) ऋणमा जमानत बसे बापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने कमिशन पूर्णरूपले छुट दिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी अन्तर्गत संचालित आधारभूत स्वास्थ्य सेवा खाने पानी योजनाको लागि जापानी रेडक्रस सोसाईटीबाट सहयोगस्वरूप प्राप्त हुने जापानी येन ७,१०८,३००।– मूल्य बराबरको टोयोटा ल्यान्ड क्रुजर हाइटप डिजेल, पिकअप तथा स्टेशन वेगन गाडीहरू थान ३ (तीन) मा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
विश्वेश्वरप्रसाद पोखरेल
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962